# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


### नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत दरखास्त पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

मिति : २०७८/०४/२३

रत्ननगर नगरपालिकाद्वारा प्रकाशित नगर प्रमुखसँग उद्यमशीलता प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०७७ मा व्यवस्था भए अनुसार तपशिल बमोजिमका व्यवसायहरुलाई आधार वनाई वैदेशिक रोजगारीवाट फर्किएका तथा नगरमा स्थायी बसोबास भएका वेरोजगार नागरिकहरुलाई उल्लेखित व्यावसायिक शिर्षकहरुमा उद्यम व्यवसाय संचालन गरि स्वरोजगार र आत्मनिर्भर बनाउनका लागि सून्य व्याज दरमा सहुलियतपूर्ण कर्जा प्रदान गरिने भएकोले ईच्छुक सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेका दलित समुदाय, महिला, जनजाति, अपाङ्ग, आर्थिक हिसावले विपन्न, किसान, मजदुर, सीमान्तकृत लोपोउन्मुख समुदाय, विदेशबाट फर्किएका तथा वेरोजगार नगरवासीहरुले तपशिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन यस कार्यालयमा तपशिल बमोजिमका कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१) तरकारी, फलफूल, जडिबुटी लगायतका नगदेवाली तथा मौरीपालन ।

२) गाई, भैंसीपालन, हाँस कुखुरा जस्ता घरपालुवा पन्क्षी, भेडाबाख्रा तथा बुंगुरपालन र माछापालन ।

३) स्थानिय कच्चा पदार्थमा आधारित घरेलु, साना र लघु उद्योग सम्वन्धि विविध व्यवसाय ।

४) खाजा, नास्ता पसल, सिलाई कटाई कार्य, जुत्ता, चप्पल तथा व्याग बनाउने, फलफूल तरकारी पसल, शैलुन, केश श्रृंगार तथा स्थानिय उत्पादन विक्री वितरण गर्ने सेवामूलक व्यवसाय ।

दरखास्त फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. एक प्रति पासपोर्ट साईजको फोटो र नागरिकताको प्रमाण पत्र ।
२. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको हकमा पासपोर्टको प्रमाणित प्रतिलिपि ।
३. उद्यम व्यवसाय सञ्चालन तथा कर्जा उपयोग सम्वन्धी स्किम (व्यवसायीक योजना) ।
४. व्यवसाय दर्ता गरेको दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र (नविकरण सहित) ।
५. उद्यम व्यवसाय संचालन गर्ने स्थानको निवेदकको स्वामित्व खुलेको कागजपत्र वा लीज संभौता सम्वन्धी कागजपत्र ।
६. स्व घोषणा पत्र (कालो सूचीमा नपरेको) ।
७. नगरपालिका वा अन्य कुनै निकायद्वारा संचालित आधारभूत तालिम प्राप्त गरेको प्रमाण पत्र ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९. आवश्यकता अनुसार तोकिएका अन्य कागजपत्रहरु ।

(प्रमुख प्रशासकीय अधिकृत)
छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(नोट : रित नपुगी एंव म्याद नाघी आएको निवेदनमा कुनै कारवाही गरिने छैन।)


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np